# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ माघ २३ गते २०५३ साल (अतिरिक्ताङ्क ५५ (क)

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. २५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

६४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल पर्यटन बोर्डको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र सम्बर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार एवं प्रवर्द्धन गरी अन्तर्राष्ट्रिय रुपमा नेपाललाई एक आकर्षक र भरपर्दो पर्यटन स्थलको रुपमा विकसित गरेर राष्ट्रिय उत्पादन, विदेशीमुद्रा आर्जन र रोजगारीका अवसरहरुको सृजनामा अधिकतम वृद्धि गर्नका निमित्त नेपाल पर्यटन बोर्डको स्थापना गर्न र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल पर्यटन बोर्ड ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल पर्यटन बोर्ड सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।



६५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ ।

(च) "कार्यकारी प्रमुख" भन्नाले दफा १४ बमोजिम नियुक्त बोर्डको कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(छ) "पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपाल अधिराज्यमा आउने गैर नेपाली नागरिक सम्झनु पर्छ ।

(ज) "पर्यटन व्यवसाय" भन्नाले, -

(१) पर्यटकहरुको निमित्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनको सेवा पुऱ्याउने कारोबार,

(२) पर्यटकहरुलाई नेपाल अधिराज्यभित्र वा नेपाल अधिराज्यबाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रुपमा परिवहन, बसोबास, भ्रमण व्यवस्था, रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथप्रदर्शन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, तथा अन्य साहसिक एवं मनोरञ्जनात्मक सेवा पुऱ्याउने र सो बापत विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोबार,

(३) पर्यटकहरुलाई पूर्ण वा आंशिक रुपमा खुद्रा वस्तुहरु बिक्री गर्ने कारोबार,

(४) उपखण्ड (१), (२) र (३) बमोजिमको कारोबार गरी पर्यटकहरुलाई आकर्षित गर्नको निमित्त पूर्ण वा आंशिक रुपमा कला, संस्कृतिको प्रस्तुति वा अन्य कुनै प्रदर्शनी,





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोजना, मेला, प्रचार, प्रसार अभियान सञ्चालन गर्ने कार्यलाई समेत सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २
## बोर्डको स्थापना र व्यवस्था

३. बोर्डको स्थापना : (१) अन्तर्राष्ट्रिय जगतमा नेपाललाई एक आकर्षक पर्यटन स्थलको रुपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धन गर्नको लागि नेपाल पर्यटन बोर्डको नामबाट एउटा बोर्डको स्थापना गरिएकोछ ।

(२) बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र बोर्डले आवश्यकतानुसार नेपाल अधिराज्यभित्र वा बाहिर जुनसुकै स्थानमा आफ्नो शाखा तथा उपशाखा कार्यालयहरु खोल्न सक्नेछ ।

४. बोर्ड स्वशासित संस्था हुने : (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) बोर्डको सबै काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. <u>बोर्डको उद्देश्य</u> : बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नेपाललाई एक आकर्षक पर्यटन स्थलको रुपमा विकसित गरी अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने ।

(ख) देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र सम्वर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्ने ।

(ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धनद्वारा राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिवृद्धि गरी बढी भन्दा बढी रोजगारीका अवसरहरुको सृजना गर्ने ।

(घ) नेपाललाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटन स्थलको रुपमा विकसित गरी अन्तर्राष्ट्रिय पर्यटन समुदायमा नेपालको छविलाई उच्च एवं मर्यादित ढंगबाट स्थापित गर्ने ।

(ङ) पर्यटकहरुलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

(च) पर्यटन व्यवसायको विकासको लागि आवश्यक संस्थाहरुको स्थापना र विकास गर्न सघाउ पुऱ्याउने ।

६. <u>बोर्डको काम कर्तव्य र अधिकार</u> : बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) पर्यटन व्यवसायसंग सम्बन्धित कुनै पनि कारोबार-गर्नको निमित्त श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वीकृति लिई कुनै व्यक्ति, संस्था वा निकायको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

(ख) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरुको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गर्ने, गराउने ।

(ग) पर्यटकहरुका लागि सुविधा वृद्धि गर्ने कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भै नेपाललाई एक आकर्षक पर्यटन स्थलको रुपमा विकसित गर्ने ।

(घ) पर्यटकहरुलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरुको क्रियाकलापहरुमा समन्वय कायम गर्ने ।

(ङ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरु तयार पारी सोही अनुसार पर्यटन विकाससंग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

(च) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्नको लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरुमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने ।

(छ) पर्यटनसंग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरुको

६४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरुलाई देशको धार्मिक र सांस्कृतिक महत्वका स्थलहरु, उच्च हिम श्रृखलाहरु तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।

(ज) नेपाललाई एक साहसिक तथा आकर्षक पर्यटन केन्द्रको रुपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायुमा आधारित मनोरन्जनपूर्ण तथा साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरुलाई मौलिक संस्कृति र परम्परामा प्रतिकूल असर नपर्ने गरी नेपाल अधिराज्यका विभिन्न भागहरुमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(झ) अन्तर्राष्ट्रिय सभा-सम्मेलन, व्यापार मेला, सांस्कृतिक तथा युवा महोत्सव, खेलकूद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रवर्द्धनात्मक पर्यटकीय उत्पादनसंग सम्बन्धित क्रियाकलाप सञ्चालनमा वृद्धि गर्न त्यस्ता क्रियाकलापहरु आफैले सञ्चालन गर्ने र निजी क्षेत्रलाई समेत त्यस्ता क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

(ञ) ऐतिहासिक महत्व भएका स्थलहरु तथा मठ, मन्दिर, गुम्बाहरुको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरुमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ट) पर्यटन पूर्वाधार तथा सुविधाहरुको सुदृढीकरण गर्दै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नयाँ पर्यटन स्थलहरुको विकास गर्दा पनि खास गरी ग्रामीण पर्यटन स्थलहरुको विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई उत्प्रेरित गर्ने ।

(ठ) नयाँ पर्यटन स्थलहरुको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्ने, गराउने ।

(ड) धार्मिक तीर्थस्थलहरुको संरक्षण तथा सम्वर्द्धन गरी धार्मिक पर्यटनको विकास गर्नको लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरुमा पर्यटकहरु बढी आकर्षित हुने गरी सुविधाहरु विस्तार गर्नुका साथै यस्ता स्थलहरुलाई अन्तर्राष्ट्रिय धार्मिक केन्द्रको रुपमा विकसित गर्ने, गराउने ।

(ढ) अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारहरुमा प्रतिस्पर्धात्मक रुपमा पर्यटन प्रवर्द्धन गरी नेपाललाई विश्वको एक प्रमुख पर्यटन केन्द्रको रुपमा विकसित गर्ने, गराउने ।

(ण) वन्यजन्तु अवलोकन जस्ता पर्यटनको विकास र प्रवर्द्धन गर्ने ।

(त) मित्र राष्ट्रहरुसंग समन्वय गरी पारस्परिक लाभमा आधारित अन्तर्देशीय पर्यटन सम्बन्धी गतिविधिहरुमा वृद्धि गर्ने ।

(थ) पर्यटन जन चेतनाको लागि विभिन्न तहमा प्रचार, प्रसार कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(द) पर्यटन व्यवसायीहरुबाट पर्यटकहरुलाई प्रदान गरिने सेवा तथा सुविधाहरुलाई स्तरीय बनाई पर्यटकहरुको सुरक्षाका लागि समेत विशेष व्यवस्था गर्ने ।

(ध) पर्यटन सेवा र सुविधाहरुको गुणस्तर वृद्धि गर्नको लागि पर्यटन व्यवसायीहरुलाई आ–आफ्ना व्यावसायिक संघहरु मार्फत आचार संहिता लागू गराउने ।

(न) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरुलाई प्राविधिक ज्ञान प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालिम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पुऱ्याउने ।

(प) पर्यटन व्यवसायको विकास गर्नको लागि श्री ५ को सरकार र श्री ५ को सरकारबाट गठित पर्यटन परिषद्लाई समय समयमा आवश्यक सुझाव तथा परामर्श दिने ।

(फ) पर्यटन व्यवसायसंग सम्बन्धित निकायहरुले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्तो गुणात्मक सेवा प्रदान नगर्ने निकायहरुलाई प्रचलित कानून बमोजिम कारबाही चलाउनको निमित्त श्री ५ को सरकारलाई अनुरोध गर्ने ।

(ब) पर्यटक तथा पर्यटन व्यवसायीहरुलाई पर्यटनसंग सम्बन्धित विषयहरुका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(भ) पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार गर्नको लागि श्री ५ को सरकार तथा अन्य सरकारी स्वामित्व भएको संस्था वा गैर सरकारी संस्थाबाट प्राप्त भएको रकम सोही कार्य गर्नको निमित्त खर्च गर्ने ।

(म) नेपाली पर्यटकहरुलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटनको विकासमा सहयोग पुऱ्याउने ।

(य) पर्यटन व्यवसायमा संलग्न रहेको कुनै पनि संगठित संस्थाको शेयर वा धितोपत्र खरिद गर्ने वा प्राप्त गर्ने ।

(र) पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउने कारोबारमा पूँजी लगानी गर्ने ।

(ल) बोर्डको उद्देश्य पूर्तिको लागि श्री ५ को सरकारको स्वीकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग सम्झौता गर्ने ।

(व) बोर्डको वार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट स्वीकृत गर्ने ।

(श) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

<u>बोर्डले आवश्यक सेवा शुल्क लिन सक्ने</u> : बोर्डले पर्यटक तथा पर्यटन व्यवसायीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदान गरेको परामर्श तथा सेवा बापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. <u>बोर्डले आर्थिक स्रोत जुटाउन सक्ने</u> : बोर्डले आफ्नो कार्यक्रम सञ्चालन गर्नको निमित्त श्री ५ को सरकार, सरकारी स्वामित्व भएको संस्था, गैरसरकारी संस्था, विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था वा निकायबाट ऋण, अनुदान, दान दातब्य वा उपहार लगायत आवश्यक आर्थिक स्रोत जुटाउन सक्नेछ ।

## परिच्छेद - ३

## <u>कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार</u>

९. <u>समितिको गठन</u> : (१) बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरु सुव्यवस्थित रुपले सञ्चालन गर्न, गराउन र बोर्डको सम्पूर्ण काम कारबाहीहरुको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक कार्यकारी समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - अध्यक्ष

(ख) खण्ड (छ) बमोजिम मनोनीत सदस्यहरुमध्येबाट बोर्डका सदस्यहरुले छानेको सदस्य एकजना - उपाध्यक्ष

(ग) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) महानिर्देशक, अध्यागमन विभाग - सदस्य

(ङ) पर्यटन विकाससंग सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य मन्त्रालयहरुमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको कम्तीमा रा.प. प्रथम श्रेणीको अधिकृत एकजना - सदस्य

(च) महानिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण - सदस्य

(छ) पर्यटन प्रवर्द्धन गर्ने कार्यमा संलग्न रहेका पर्यटन व्यवसायी, पर्यटन तथा प्राकृतिक एवं सांस्कृतिक सम्पदासंग सम्बन्धित विशेषज्ञहरु मध्येबाट श्री ५ को सरकारले दफा १० को अधिनमा रही मनोनीत गरेका ५ जना - सदस्य

(ज) कार्यकारी प्रमुख - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुनः एक पटकको लागि मनोनीत हुन सक्नेछन् ।

(४) दफा १४ बमोजिम कार्यकारी प्रमुखको नियुक्ति नभएसम्म समितिले कुनै सदस्यलाई समितिको सदस्य-सचिव भै काम गर्नको निमित्त तोक्न सक्नेछ ।

तर कुनै सदस्यलाई समितिको सदस्य सचिव भै काम गर्न तोकिएको मितिले तीन महिनाभित्र कार्यकारी प्रमुखको नियुक्ति गरिसक्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विशेषज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसंग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

१०. मनोनयन सिफारिश समिति : (१) दफा ९ को उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्यहरुको मनोनयन गर्नको निमित्त श्री ५ को सरकार समक्ष सिफारिश पेश गर्न देहाय बमोजिमको एउटा मनोनयन सिफारिश समिति रहनेछ :-

(क) श्री ५ सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) पर्यटन व्यवसाय वा पर्यटन प्रवर्द्धन क्षेत्रसंग सम्बन्धित व्यक्तिहरुमध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको दुईजना - सदस्य

(२) उपदफा (१) बमोजिमको मनोनयन सिफारिश समितिले पर्यटन प्रवर्द्धन गर्ने कार्यमा संलग्न रहेका पर्यटन व्यवसायी वा पर्यटन प्रवर्द्धन विशेषज्ञहरुमध्येबाट दफा ९ को उपदफा (२) को खण्ड (छ) बमोजिम सदस्य मनोनीत गर्नको निमित्त मनोनीत गर्नु पर्ने सदस्य संख्याको कम्तीमा डेढी संख्यामा मनोनीत गर्नु पर्ने व्यक्तिहरुको नाम मनोनयन हुनको निमित्त सिफारिश गर्नु पर्नेछ । यसरी मनोनयनको निमित्त सिफारिश गरिएका व्यक्तिहरुमध्येबाट श्री ५ को सरकारले सदस्यहरु मनोनीत गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको मनोनयन सिफारिश समितिले उपदफा (२) बमोजिम सिफारिश गर्दा अपनाउनु पर्ने कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ ।

११. समितिको बैठक र निर्णय : (१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर अध्यक्षले चाहेमा सो भन्दा अगावै पनि समितिको बैठक बोलाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक तिहाई सदस्यहरुले समितिको बैठक बोलाउनको लागि लिखित रुपमा माग गरेमा तीस दिनभित्र समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची बैठक बस्नु भन्दा २४ घण्टा अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. समितिको काम, कर्तव्य र अधिकार : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही बोर्डले गर्नु पर्ने सम्पूर्ण काम कारबाहीहरु गर्नु तथा बोर्डलाई प्राप्त सम्पूर्ण अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्यको अतिरिक्त बोर्डको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. उपसमिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यावधि समितिले तोके बमोजिम हुनेछ ।

६०२६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ४

## कार्यकारी प्रमुख र कर्मचारी सम्बन्धी व्यवस्था

१४. कार्यकारी प्रमुखको नियुक्ति : (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि समितिले कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी पर्यटन क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको व्यक्तिलाई बोर्डको कार्यकारी प्रमुखको पदमा नियुक्त गर्नेछ ।

(२) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निज पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी प्रमुखको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी प्रमुखले बोर्डलाई हानी नोक्सानी पुऱ्याई बोर्डको हित विपरीत हुने गरी काम कारबाही गरेमा वा समितिको नीति निर्देशन अनुरुप कार्य सम्पादन नगरेमा समितिले तोकिएको प्रकृया अपनाई निजलाई कार्यकारी प्रमुखको पदबाट हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउनु अघि कार्यकारी प्रमुखलाई आफ्नो पक्षमा सफाई पेश गर्ने उचित अवसर प्रदान गर्नु पर्नेछ ।

१५. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार : (१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ख) बोर्डको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने, गर्न लगाउने ।

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

(घ) बोर्डलाई आवश्यक कर्मचारीहरु तोकिए बमोजिम नियुक्त गर्ने ।

(ङ) अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने ।

(च) समितिप्रति उत्तरदायी भई काम गर्ने ।

(छ) बोर्डको प्रशासकीय प्रमुखको हैसियतले बोर्डको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरु गर्ने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकारहरु तोकिए बमोजिम हुनेछ ।

१६. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) बोर्डको काम सुचारु रुपले सञ्चालन गर्नको लागि कार्यकारी प्रमुखले आवश्यक सल्लाहकार, अधिकृत र सहायक कर्मचारीहरु तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त सल्लाहकार, अधिकृत र सहायक कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बोर्डका कर्मचारीहरुले समिति र कार्यकारी प्रमुखप्रति उत्तरदायी भई काम गर्नु पर्नेछ ।

## परिच्छेद- ५
## कोष र लेखापरीक्षण

१७. बोर्डको कोष : (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम ।

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण ।

(ग) स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार ।

(घ) पर्यटन व्यवसायमा संलग्न रहेका संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग, अनुदान वा उपहार ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) पर्यटक तथा पर्यटन व्यवसायीहरुलाई पर्यटनसंग सम्बन्धित विषयहरुका सम्बन्धमा प्रदान गरेको सेवा तथा परामर्श बापत प्राप्त गरेको सेवा शुल्क ।

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा विदेशी संघ, संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, ऋण, दान, दातव्य वा उपहार लिनु अगावै बोर्डले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) बोर्डको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१८. लेखा र लेखापरीक्षण : (१) बोर्डको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) बोर्डको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको कुनै लेखापरीक्षकद्वारा हुनेछ ।

(३) लेखापरीक्षकले बोर्डको वार्षिक कारोबारको स्थिति, वासलात, लाभ, हानी र अन्य हरहिसाबका सम्बन्धमा आफ्नो प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नेछ ।

६६१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ६
## विविध

१९. बोर्डको सिफारिश वा सल्लाह लिन सक्ने : (१) कसैले पर्यटन व्यवसायसंग सम्बन्धित कुनै व्यवसाय सञ्चालन गर्ने अनुमतिको निमित्त सम्बन्धित निकायमा निवेदन गरेमा त्यस्तो निकायले अनुमति प्रदान गर्नु अगावै बोर्डको सिफारिश वा सल्लाह लिन सक्नेछ ।

(२) कसैले होटल सञ्चालन गर्ने अनुमतिको निमित्त सम्बन्धित निकायमा निवेदन गरेमा त्यस्तो निकायले होटल स्थापना तथा सञ्चालन गर्ने अनुमति दिनु पूर्व बोर्डको सिफारिश वा सल्लाह लिन सक्नेछ ।

२०. श्री ५ को सरकारले अनुदान दिन सक्ने : (१) श्री ५ को सरकारले बोर्डलाई आवश्यक रकम अनुदानको रुपमा दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्ड आफ्नो कार्यक्रम सञ्चालन गर्न आर्थिक रुपमा सक्षम भइसकेकोछ भन्ने श्री ५ को सरकारलाई विश्वास गर्न सक्ने पर्याप्त कारण भएमा श्री ५ को सरकार यस्तो अनुदान रकम प्रदान गर्न वाध्य हुनेछैन ।

२१. वार्षिक प्रतिवेदन : (१) कार्यकारी प्रमुखले बोर्डको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ र यस्तो प्रतिवेदनको एकप्रति श्री ५ को सरकारलाई समेत उपलब्ध गराउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कार्यकारी प्रमुखले उपदफा (१) मा उल्लेख भए बमोजिमको बोर्डको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

२२. <u>अधिकार प्रत्यायोजन</u> : (१) समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार कुनै सदस्य, उपसमिति वा कार्यकारी प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी प्रमुखले आफूलाई प्राप्त अधिकारहरु मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. <u>बैठक भत्ता</u> : सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

२४. <u>श्री ५ को सरकारसंग सम्पर्क</u> : बोर्डले श्री ५ को सरकारसंग सम्पर्क राख्दा श्री ५ को सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२५. <u>नियम तथा विनियम बनाउन सक्ने</u> : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि बोर्डले आवश्यक नियमहरु बनाउन सक्नेछ र यस्ता नियमहरु श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

९६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**(२) बोर्डले आफ्नो कार्य सञ्चालन गर्नको लागि यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुका अधीनमा रही आवश्यक विनियमहरु बनाउन सक्नेछ ।**

लालमोहर सदर मितिः- २०५३।१०।२३।४

आज्ञाले,
**सुरेशमान श्रेष्ठ**
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोजना संचालन गर्न गराउन तथा त्यस्ता सेवा तथा आयोजना संचालन गर्ने नगर विकाससंग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याई व्यवस्थित ढंगले नगरको विकास गर्न, गराउनको लागि नगर विकास कोषको स्थापना र कार्य सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नगर विकास कोष ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नगर विकास कोष सम्झनु पर्छ ।

(ख) "आधारभूत सामाजिक सेवा" भन्नाले बाटो, सडक, बत्ती, पुल, खानेपानी, ढल निकास, फोहरमैला संकलन, सार्वजनिक शौचालय, सार्वजनिक पुस्तकालय, विद्यालय तथा त्यस्तै सार्वजनिक उपयोगका लागि बनाइने विभिन्न संरचना लगायत नगरवासीको हितको निमित्त पुऱ्याउने विभिन्न सेवाहरु सम्झनु पर्छ ।

(ग) "आयमूलक आयोजना" भन्नाले सार्वजनिक बजार,



१०५५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यापार केन्द्र, बस पार्क, पशु वधशाला, गोदाम घर तथा त्यस्तै अन्य आयमूलक आयोजना सम्झनु पर्छ ।

(घ) "नगर विकाससंग सम्बन्धित निकाय" भन्नाले नगरको निर्माण तथा विकास गर्नको निमित्त जग्गा विकास तथा वितरण र आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सम्बन्धी कार्य गर्ने देहायका संस्था सम्झनु पर्छ :-

(१) प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी वा गैरसरकारी संस्था,

(२) प्रचलित कानून बमोजिम गठन भएका नगर विकास समिति, महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका,

(३) प्रचलित कानून बमोजिम नगरोन्मुख गाउँ भनी तोकिएका गाउँहरु मध्ये जनसंख्या र विकासको आधारमा कोषले तोकेको कुनै गाउँ ।

(ङ) "नगर" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र नगरोन्मुख गाउँ सम्झनु पर्छ ।

(च) "ऋण" भन्नाले कुनै चल, अचल सम्पत्ति धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई कोषले निर्धारण गरेको शर्तमा दिने कर्जा सम्झनु पर्छ ।

(छ) "ऋणी" भन्नाले कोषबाट ऋण लिने नगर विकाससग सम्बन्धित निकाय सम्झनु पर्छ ।

(ज) "डिबेन्चर" भन्नाले कोषले आफ्नो जायजेथा धितो राखी वा नराखी जारी गरेको ऋणपत्र सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) "समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको कोषको संचालक समिति सम्झनु पर्छ ।

(ञ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ठ) "कार्यकारी निर्देशक" भन्नाले दफा १८ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## कोषको स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३. कोषको स्थापना : (१) नगरको निर्माण, विकास तथा विस्तार गर्ने तथा सो सम्बन्धी कार्य गर्ने नगर विकाससंग सम्बन्धित निकायहरुलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नको लागि नगर विकास कोषको नामबाट एउटा कोषको स्थापना गरिएकोछ ।

(२) कोषको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र कोषले आवश्यकतानुसार नेपाल अधिराज्यभित्र जुनसुकै स्थानमा आफ्नो शाखा कार्यालयहरु खोल्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कोष स्वशासित संस्था हुने : (१) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) कोषको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोषले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमका व्यवस्थाका अधीनमा रही व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) कोषले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. कोषको उद्देश्य : कोषको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नगर विकाससंग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाई स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनु पर्ने सम्भाव्य सुधारहरुका सम्बन्धमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

६. <u>कोषको काम, कर्तव्य र अधिकार</u> : यस ऐनको अन्य दफाहरुमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(ग) नगरको निर्माण, विकास तथा विस्तार तथा नगरमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, नगर विकाससंग सम्बन्धित निकायहरुलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरको निर्माण, विकास, विस्तार र विविधिकरणको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक आधारहरु तयार पारी नगर विकाससंग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने तथा त्यस्तो कार्यक्रममा नगर विकाससंग सम्बन्धित निकायहरुको सहभागितालाई अधिकतम् मात्रामा प्रोत्साहित गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) नगर विकाससंग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरुलाई दिइने तालिम तथा प्रशिक्षणको लागि आवश्यक सहयोग पुऱ्याउने ।

(च) नगर विकाससंग सम्बन्धित निकायहरुलाई नगर विकास सम्बन्धी विषयहरुमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

(छ) कोषसंग ऋण लिई सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने ।

(ज) श्री ५ को सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासंग कोषका सम्बन्धमा गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने ।

(झ) कोषको हित विपरीत नहुने गरी कोषको रकम प्रचलित कानून बमोजिम स्थापित अन्य कुनै संस्थाको शेयर, डिबेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्ने कार्यमा लगानी गर्ने ।

(ञ) कोष समक्ष पेश भएका योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने ।

(ट) कोषको वार्षिक लेखा परीक्षण गराउने ।

(ठ) कोषले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन र प्रत्येक वर्षको लेखा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परीक्षणको प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(ड) कोषको संगठनात्मक स्वरुप स्वीकृत गर्ने र सो बमोजिम आवश्यक दरबन्दी श्रृजना गर्ने ।

(ढ) कोषको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरु गर्ने ।

७. कोषले आवश्यक सेवा शुल्क लिन सक्ने : कोषले नगर विकाससंग सम्बन्धित्र निकायहरुलाई नगर विकास सम्बन्धी परामर्श सेवा प्रदान गरे बापत तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ ।

८. कोषले आर्थिक स्रोत जुटाउन सक्ने : कोषले आफ्नो उद्देश्य अनुरुपको कार्यक्रम सञ्चालन गर्नको लागि श्री ५ को सरकार, सरकारी तथा गैर सरकारी संस्था, विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकायहरुसित ऋण, अनुदान, दान दातव्य वा उपहार लगायत आवश्यक आर्थिक स्रोत जुटाउन सक्नेछ ।

तर विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकायहरुसित आर्थिक स्रोत लिनु अगावै कोषले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

९. ऋणपत्र जारी तथा खरिद गर्न सक्ने : (१) कोषले प्रचलित कानून बमोजिमको रीत पुऱ्याई डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्रहरु जारी गर्न तथा खरिद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी तथा खरिद गर्दा तोकिएको प्रक्रिया अपनाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. <u>शर्तहरु राख्ने अधिकार</u> : (१) कोषले नगर विकाससंग सम्बन्धित निकायलाई ऋण वा अनुदान दिंदा आफ्नो हितको संरक्षण र आफूले प्रदान गरेको ऋण वा अनुदानको उचित प्रयोगका लागि आवश्यकतानुसार शर्तहरु राखी लिखित रुपमा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा कोषले जतिसुकै अवधिको भाखा राख्न, कोषले तोकेको शर्त भंग गरेमा ऋणीले लिएको ऋणको साँवा ब्याज फिर्ता बुझाउन लगाउन वा ऋणीले लिखत गराई दिएको धितो, बन्धक वा अन्य सम्पत्ति र जमानतबाट असुल गर्न सक्ने गरी शर्त तोक्न सक्नेछ ।

(३) कोषले ऋणीलाई दिने कूल ऋण रकमको किस्ता प्राप्त गरेको मितिदेखि त्यसको ब्याज हिसाब गर्ने गरी तोकिए बमोजिम किस्ताबन्दीमा नगद, चेक, प्रतिज्ञापत्र वा त्यस्तै अन्य किसिमबाट ऋण प्रदान गर्ने शर्तहरु राख्न सक्नेछ ।

११. <u>शर्त उल्लंघन गरेमा कोषको अधिकार</u> : (१) दफा १० बमोजिम गरेको सम्झौता अनुसार कुनै ऋणीले कोषलाई बुझाउनु पर्ने ऋण, त्यसको ब्याज र पेश्की बापतको बाँकी रकम नबुझाई कोषसंग गरेको सम्झौतामा उल्लेखित शर्त उल्लंघन गरेमा वा त्यस्तो ऋणको रकम ऋणीसंग चुक्ता हुन नसक्ने पर्याप्त आधारहरु देखिएमा भाखाको अवधि नपुगेको भए तापनि कोषले ऋणीसंग लिनु पर्ने रकम फिर्ता माग गर्न वा ऋण दिंदा धितो बापत राखेको सम्पत्ति वा त्यस्तो ऋणीको अन्य सम्पत्तिहरु प्रचलित कानून बमोजिम कब्जा गरी चलन गर्न, बहाल वा ठेक्का पट्टामा दिन वा लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरी आफूले लिनु पर्ने रकम असुल उपर गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम कोषले ऋणीको सम्पत्ति कब्जा गरी लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरेकोमा कोषले लिनु पर्ने रकम लिई बढी भएको रकम जति सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा पटक पटक प्रयास गर्दा पनि ऋणीको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा प्राप्त मूल्यमा बिक्री गर्दा कोषको हितमा हुने नदेखिएमा तोकिए बमोजिम ऋणीको सम्पत्तिको मोल कायम गरी सो सम्पत्तिको स्वामित्व कोषले आफैं लिन सक्नेछ ।

१२. कोषको अधिकार समाप्त नहुने : (१) कोषले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्याद भित्र धितो कब्जा गर्न वा ऋण असुल गर्न कारबाही नगरेको कारणले मात्र धितो माथिको कोषको अधिकार समाप्त हुने छैन ।

(२) सम्झौतामा उल्लेखित शर्त बमोजिम धितो कब्जा गरेको, भोग चलन गरेको, भाडा वा ठेक्का पट्टामा दिएको वा मुनाफा बाँड्ने गरी अरुलाई सञ्चालन गर्न दिएकोमा त्यस्तो कारणले मात्र कोषले असुल गरी लिन पाउने ऋण रकमको किस्ता नबुझाए बापतको ब्याज तथा थप दस्तुर वा धितो बिक्री गर्न पाउने कोषको अधिकारमा असर पर्ने छैन ।

१३. कोषको ऋण लगानीको सुरक्षा : कोषले ऋण लगानी गरेको नगर विकाससंग सम्बन्धित निकाय वा कुनै संस्था विघटन भएमा वा नरहेमा त्यस्तो निकाय वा संस्थाको जायजेथामा सबभन्दा पहिलो हक दावी कोषको हुनेछ ।

९६८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-३
## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१४. समितिको गठन : (१) कोषको उद्देश्य प्राप्तिको लागि सुव्यवस्थित रुपले आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न, गराउन र कोषको सम्पूर्ण काम कारबाहीहरुको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक सञ्चालक समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय वा नगर विकासको क्षेत्रमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) - सदस्य

(ग) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) - सदस्य

(घ) नगरपालिकाका प्रमुखहरु मध्येबाट पाँच विकास क्षेत्रबाट प्रतिनिधित्व हुने गरी श्री ५ को सरकारले मनोनयन गरेका पाँच जना -सदस्य

(ङ) वित्तीय संस्था सञ्चालन क्षेत्रमा विशेषज्ञता हासिल गरेको अर्थ विज्ञ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा इञ्जिनियरिङ्ग विषयमा स्नातकोपाधि हासिल गरी नगर विकास क्षेत्रमा कार्यरत प्राविधिक व्यक्ति वा नगर विकाससंग सम्बन्धित निकायहरु मध्येबाट प्रतिनिधित्व हुने गरी समितिले मनोनीत गरेका दुई जना – सदस्य

(च) कार्यकारी निर्देशक – सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । पदावधि पूरा नहुँदै कुनै मनोनीत सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गरिनेछ ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकार वा नगर विकास कार्यसंग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

१५. समितिको बैठक र निर्णय : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर एक वर्षमा कम्तीमा ६ पटक समितिको बैठक बस्नु पर्नेछ ।

(२) एक तिहाई सदस्यहरुले समितिको बैठक बोलाउनको लागि लिखित रुपमा माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएका विषय वस्तु तथा बैठकमा भएका निर्णयहरु एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरुको दस्तखत गराई राख्नु पर्नेछ ।

(८) समितिले गरेका निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. समितिको काम, कर्तव्य र अधिकार : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमहरुका अधीनमा रही कोषले गर्नु पर्ने सम्पूर्ण काम कारबाहीहरु गर्नु तथा कोषलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त सम्पूर्ण अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्यहरुका अतिरिक्त कोषको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरु-गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. उपसमिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उपसमितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्याविधि समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

१८. कार्यकारी निर्देशक : (१) कोषको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि तोकिएको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा समितिले एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकको पद पूर्ति नभएसम्मको लागि श्री ५ को सरकारले समितिसंग परामर्श गरी समितिको वरिष्ठ कर्मचारीलाई बढीमा तीन महिनाको लागि कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।



१०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले कोषलाई हानी नोक्सानी हुने कुनै काम कारबाही गरेमा वा समितिको नीति निर्देशन विपरीत काम गरेमा समितिले तोकिएको प्रक्रिया अपनाई निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

१९. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार : (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

(घ) कोषको दैनिक कार्यको सुपरिवेक्षण तथा निरीक्षण गरी कोषको उद्देश्य अनुसार आवश्यक कार्यहरु गर्ने ।

(ङ) कोषको लगानीमा कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरुको निरीक्षण गरी त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने ।

(च) कोषले सञ्चालन गरेका कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. कर्मचारी सम्बन्धी व्यवस्था : (१) कोषको काम सुचारु रुपले सञ्चालन गर्नको लागि कोषमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) कोषका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद-५

## कोष र लेखापरीक्षण

२१. कोष : (१) कोषको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण ।

(ग) स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार ।

(घ) नगर विकाससंग सम्बन्धित निकायलाई प्रदान गरेको सेवा तथा परामर्श बापत प्राप्त गरेको शुल्क ।

(ङ) कोषले गरेको लगानीबाट उठेको रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

(च) डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी गरी प्राप्त गरेका रकम ।

(छ) कोषको चल तथा अचल सम्पत्तिबाट आर्जन भएको रकम ।

(ज) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई प्राप्त हुने सम्पूर्ण रकमहरु नेपाल अधिराज्यस्थित कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) कोषको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२२. लेखा र लेखापरीक्षण : (१) कोषको आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) कोषको आय व्ययको वार्षिक लेखापरीक्षण महालेखापरीक्षकबाट मान्यता प्राप्त लेखापरीक्षकहरु मध्येबाट महालेखापरीक्षकको परामर्श लिई समितिले नियुक्त गरेको लेखापरीक्षकबाट हुनेछ ।

(३) कोषले आवश्यक देखेमा कुनै लेखापरीक्षकद्वारा कोषको आन्तरिक लेखापरीक्षण गराउन सक्नेछ ।

(४) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत कोषको वार्षिक हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

६८१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-६

## विविध

२३. कोषले पाउने छुट : कोषले ऋणी वा जमानीबाट लिखत गराई धितो लिंदा वा धितो लिएको सम्पत्ति कोषको नाममा पारित गराई लिंदा वा कोषले अचल सम्पत्ति खरिद बिक्री गर्दा त्यस्तो कारोबारमा आय टिकट वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२४. आयकर छुट : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कोषले आर्जित गरेको आयमा लाग्ने आयकर पूर्ण वा आंशिक रुपमा छुट दिन सक्नेछ ।

२५. निर्णय प्रक्रियामा सहभागी हुन नपाउने : कोषका सदस्य तथा कुनै कर्मचारीहरुले आफ्नो स्वार्थ भएको कुनै विषय वस्तुसंग सम्बन्धित कोषको कुनै निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन् ।

२६. काम कारबाही बदर नहुने : समितिको कुनै सदस्यको मनोनयन नभएको कारणले मात्र समितिको काम कारबाही बदर हुने छैन ।

२७. गोपनीयता तथा इमान्दारीको शपथ ग्रहण गराउने : सदस्य तथा कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अगावै तोकिए बमोजिम गोपनीयता र इमान्दारीको शपथ ग्रहण गर्नु पर्नेछ ।

२८. वार्षिक प्रतिवेदन : (१) कार्यकारी निर्देशकले कोषको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र समिति समक्ष पेश गर्नु पर्नेछ र समितिबाट पारित प्रतिवेदनको एक प्रति कार्यकारी निर्देशकले श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कार्यकारी निर्देशकले समितिको स्वीकृति लिई उपदफा (१) मा उल्लेख भए बमोजिमको कोषको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

२९. यसै ऐन बमोजिम हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा लेखिए जति कुरा यसै ऐन बमोजिम हुनेछ ।

३०. बैठक भत्ता : सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

३१. श्री ५ को सरकारले आदेश वा निर्देशन दिन सक्ने : श्री ५ को सरकारले कोषले गरेको काम कारबाहीहरुको आवश्यक जाँचबुझ गरी कोषको उद्देश्य अनुरुप काम कारबाही गर्न कोषलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । त्यसरी श्री ५ को सरकारले दिएको आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

३२. अधिकार प्रत्यायोजन : (१) समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार कुनै सदस्य, दफा १७ बमोजिम गठित उपसमिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार कोषको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. श्री ५ को सरकारले कोषलाई विघटन गर्न सक्ने : देहायको अवस्थामा श्री ५ को सरकारले कोषलाई विघटन गर्न सक्नेछ :-

६८३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कोषले श्री ५ को सरकार, कुनै विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त ऋण रकम श्री ५ को सरकार, विदेशी सरकार वा अन्य त्यस्तो संस्थालाई तिर्न कोष असमर्थ छ भन्ने श्री ५ को सरकारलाई लागेमा ।

(ख) यो ऐनको उद्देश्य अनुरुप कोषले काम गर्न नसकेमा ।

(ग) दफा ३१ बमोजिम श्री ५ को सरकारले दिएको आदेश वा निर्देशन कोषले उल्लंघन गरेबाट कोषलाई विघटन गर्न वाञ्छनीय छ भन्ने श्री ५ को सरकारलाई लागेमा ।

३४. <u>सम्पत्ति तथा दायित्व सर्ने</u> : दफा ३३ बमोजिम कोष विघटन भएमा कोषको जिम्मामा रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्वहरु श्री ५ को सरकारमा सर्नेछ ।

३५. <u>श्री ५ को सरकारसंग सम्पर्क</u> : कोषले श्री ५ को सरकारसंग सम्पर्क राख्दा श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

तर कोषसंग सम्बन्धित दैनिक प्रशासकीय कामका लागि सम्बन्धित निकायसंग कोषले सिधै सम्पर्क राख्न सक्नेछ ।

३६. <u>नियम तथा विनियम बनाउन सक्ने</u> : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) कोषले आफ्नो कार्य सञ्चालन गर्नका लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुका अधीनमा रही आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

९०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. खारेजी र बचाउ : (१) नगर विकास कोष समिति (गठन) आदेश, २०४५ खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा हक र दायित्वहरु यस ऐन बमोजिम स्थापित कोषमा सर्नेछ ।

(३) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिले गरेको सम्पूर्ण काम कारबाहीहरु यसै ऐन बमोजिम स्थापित कोषले गरे सरह मानिनेछ ।

(४) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिमा कार्यरत कार्यकारी निर्देशक तथा कर्मचारीहरु यसै ऐन बमोजिम नियुक्ति भएका मानी कोषमा बहाल रहनेछन् ।

लालमोहर सदर मिति:- २०५३।१०।२३।४

आज्ञाले,

**सुरेशमान श्रेष्ठ**

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।